दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०५ | बुटवल | २०८३ बैशाख ०१ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday April 14, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०

# दाउन्ने खण्डको सास्ती असारपछि मात्रै हट्ने



लुम्बिनी संवाददाता

*बुटवल*

पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल सडक खण्डमा पर्ने दाउन्ने खण्डको सडकको सास्ती असारपछि मात्रै हट्ने भएको छ।

दाउन्ने खण्डमा पहाड कटान गरेर सडक विस्तार हुँदा पानी पर्नासाथ हिलाम्य भएर सडक चीप्लो हुँदा गाडी गुड्न समस्या भइरहेको छ। दाउन्ने खण्डको ११ किलोमिटर जेठ १५ गतेसम्म ढलान सक्ने गरी काम भइरहेकाले आगामी असारभित्रै सास्ती हट्ने सडक विभाग आयोजना निर्देशनालय (एडीबी)ले जनाएको छ।

सडक विभाग आयोजना निर्देशनालय (एडीबी)का आयोजना निर्देशक चुडाराज ढकालले दाउन्ने सडक खण्डको सास्तीपूर्ण यात्रा चालू आर्थिक वर्षभित्र अन्त्य गर्ने लक्ष्यका साथ काम भइरहेको बताए।

'८ किलोमिटर ढलान सकिइसकेको छ, अब ३ किलोमिटर मात्र ढलान गर्न बाँकी छ,' ढकालले भने-'त्यसमा पनि आधा काम सकिसकेको छ। बाँकी काम पनि छिट्टै सम्पन्न हुन्छ।'

अब दाउन्ने सडकको पूर्वी खण्डमा ३३३ मिटर र पश्चिम खण्डमा १ हजार ७५ मिटर मात्रै दुईतर्फी ढलान गर्न बाँकी रहेको उनले जनकारी दिए। बाँकी करिब साढे एक किलोमिटर खण्डको एकतर्फ ढलान अबको १० दिनभित्र सम्पन्न गर्ने आयोजनाको लक्ष्य छ।

बाँकी एकतर्फी ढलान १० दिनमा सक्ने र ढलान सकेको २० दिनपछि मात्र गाडी चलाउन मिल्ने ढकालले बताए। ढलान सेट हुन कम्तीमा २० दिनको समय लाग्छ। ढलान भएको ठाउँबाट गाडी गुड्न थालेपछि मात्र अर्कोतर्फ काम गर्न मिल्छ।

उनका अनुसार अबको एक महिनाभित्र ढलान सेट भएर अवरोधविना गाडी चलाउन सक्ने गरी सडक सञ्चालनमा आउनेछ। एकतर्फी गाडी सञ्चालन हुन थालेसँगै अर्कोतर्फ पनि ढलानको काम सुरु हुनेछ। लक्ष्यअनुसार काम भएमा चालू आर्थिक वर्षभित्र दाउन्ने खण्डको ढलानको काम सकिने ढकाल बताउँछन्।

नारायणगढ-बुटवल सडकको ११३ किलोमिटर खण्डमध्ये १०२ किलोमिटर सडक कालोपत्रे भइसकेको छ। बाँकी काम पनि चालू आवभित्रै सम्पन्न गर्ने लक्ष्य छ।

दाउन्ने सडक खण्डमा सुरुमा ठेक्का लगाउँदा ढलान गर्ने योजना थिएन। तर पहाडी भूभाग भएकाले पानीले कालोपत्रे बगाउँदा भेरियसन गरेर यस खण्डमा ढलान कार्य अघि बढाइएको हो।

नारायणगढ-बुटवल सडक खण्डको अन्य भूभाग चार लेनमा विस्तार गरिए पनि जटिल भौगोलिक संरचनाका कारण दाउन्ने खण्ड भने तीन लेनमा मात्र विस्तार भइरहेको छ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गतको दुई लेनका नारायणगढ-बुटवल ११३ किलोमिटर सडक खण्डलाई फराकिलो बनाउने योजनासहित आयोजना अघि बढाइएको थियो। नारायणगढ-बुटवल सडकलाई दुई खण्ड नारायणगढ-दाउन्ने ६५ किलोमिटर र दाउन्ने-बुटवल ४८ किलोमिटरमा विभाजन गरी दुई प्याकेजमा ठेक्का लगाइको थियो।

यी दुवै प्याकेजको ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसनले पाएको हो। २०७५ माघ २३ गते ४२ महिनामा सक्ने गरी कर्पोरेसनले काम सुरु गरेको थियो। सुरुवाती सम्झौताअनुसार विस्तार कार्य २०७९ साउन २२ गतेभित्र सम्पन्न गर्नुपर्ने थियो।

तर काम नसकिएपछि पटक-पटक गरी चार पटक म्याद थप गरिएको छ।

पछिल्लो पटक २०८३ असार २४ गतेसम्म ठेक्काको म्याद थप गरिएको छ।

यो सडक कुल १६ अर्ब ९९ करोड ५२ लाख ९५ हजार रुपैयाँमा ठेक्का लागेको हो। जसअन्तर्गत नारायणगढ-दाउन्ने ९ अर्ब १३ करोड १८ लाख ९५ हजार रुपैयाँ र दाउन्ने-बुटवल सडक खण्डको ७ अर्ब ८६ करोड ३४ लाख रुपैयाँ छ।

यो सडक तीन भागमा सहर, जंगल तथा ग्रामीण र पहाडमा विभाजन गरी स्तरोन्नति भइरहेको छ। शहरी क्षेत्रमा सर्भिस लेनसहितको चार लेन सडक, जंगल तथा ग्रामीणमा सर्भिस लेनविनाको चार लेनको सडक र पहाडी क्षेत्रमा तीन लेनको सडक निर्माण भइरहेको छ।

निर्माणपछि एक लेन साढे ३ मिटरको हुनेछ। उकालो चढ्ने सवारीका लागि दुई लेन र ओरालो झर्ने सवरीका लागि एक लेन मात्र निर्माण भइरहेको छ। सडक निर्माण ढिलो हुँदा धुलोका कारण स्थानीयको स्वास्थ्यमा असर गरेको र ब्यापारमा पनि गिरावट आएको तथा सवारी धनी र चालकले सास्ती भोग्नुपरेको बर्दघाटका प्रमोद अर्यालले बताए।

## सबैको माग समेटेर संवैधानिक समाधान खोजौं : ज्ञानेन्द्र



बुटवल। पूर्वराजा ज्ञानेन्द्र शाहले संवैधानिक समाधान खोज्न विलम्ब नगर्न सबै पक्ष संकल्पित हुनुपर्ने बताएका छन्।

सोमबार नयाँ वर्ष-२०८३ को अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन नहुने बताए। निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुने बताउँदै पूर्वराजा शाहले सबै पक्षको माग सम्बोधन हुनेगरी संवैधानिक समाधानबारे सोंच्नुपर्ने जनाए।

'निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुन्छौं। परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन। जनचाहना समेतलाई मनन गरी देशलाई केन्द्रमा राखेर कदम बढाउन विलम्ब नगरौं। संवाद, सहमति र सहकार्यका माध्यमबाट सबै पक्षको मागलाई सम्बोधन हुनेगरी संवैधानिक समाधान खोज्न दृढ संकल्पित बनौं।'- शाहले भनेका छन्।

उनले राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा निकै हेरफेर भएको भए पनि त्यो कोरा परिवर्तनमात्रै भएको टिप्पणी गरेका छन्।

साथै, देश प्रयोगशाला मात्रै भएको भन्दै राष्ट्र निर्माणमापछि परेको उल्लेख गरेका छन्।

'राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा हामीले निकै हेरफेर हेर्‍यौं। तर त्यो कोरा परिवर्तनमात्रै भयो,' पूर्वराजा शाहले भनेका छन्-'दलदलको खलबलमा त हामी धेरै दगुरियौं। तर राष्ट्रको श्रीवृद्धिमा हामी निकै पछि पर्‍यौं। सधैं प्रयोग, सधैं अभ्यास र सधैं विकल्पको खोजीमा मात्रै लाग्यौं। फलस्वरुप हाम्रो देश प्रयोगशाला मात्रै रह्यो।'

## मन्त्रीहरूको सम्पत्ति छानबिन माग्दै अखिल क्रान्तिकारीको प्रदर्शन




बुटवल। नेपाल सरकारका मन्त्रीहरूको हालै सार्वजनिक भएको सम्पत्ति विवरण अपारदर्शी भएको भन्दै प्रतिपक्ष दल नेपाली कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीले राजधानीमा विरोध प्रदर्शन गरेको छ।

मन्त्रिपरिषद् सदस्यहरूको सम्पत्तिको वास्तविक स्रोत खुलाउन र अवैध देखिएका सम्पत्तिमाथि तत्काल छानबिन प्रक्रिया अगाडि बढाउन माग गर्दै संगठनले सरकारमाथि दबाब सिर्जना गरेको हो।

माइतीघरमा प्लेकार्डसहित उत्रिएका विद्यार्थीले मन्त्रीहरूको विलासी जीवनशैली र सार्वजनिक गरिएको सम्पत्ति विवरणबिच मेल नखाएको दाबी गरेका छन्।

प्रदर्शनकारीहरूले 'सम्पत्ति देखियो–स्रोत कहाँ गयो ?', 'मन्त्रीहरूलाई सुनको बहार, जनतालाई महँगी उपहार', र 'सुनखानी प्रधानमन्त्री, शेयरखानी गृहमन्त्री' जस्ता नाराहरू अंकित प्लेकार्ड प्रदर्शन गरेका छन्।

प्रदर्शनमा सहभागी विद्यार्थी नेताहरूले सरकारसमक्ष मुख्यतया तीनवटा माग राखेका छन्।

मन्त्रिपरिषद्का सबै सदस्यहरूको सम्पत्तिको वैधानिक स्रोत तत्काल सार्वजनिक गरिनुपर्ने, सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न एक उच्चस्तरीय स्वतन्त्र आयोग गठन गरिनुपर्ने, देशमा बढ्दो भ्रष्टाचार, सुन तस्करी र महँगी नियन्त्रणमा सरकारले ठोस कदम चाल्नुपर्ने उनीहरूको माग छ।

# 'संघीय सरकारका सबै निर्णय स्थानीय सरकारले लागू गर्न सक्दैनन्'

तिलोत्तमा मिडिया क्लबले वितरण गर्दै आएको ज्ञान-काशी पत्रकारिता पुरस्कार रेखा भुसालले पाएकी छन्।



तिलोत्तमा। तिलोत्तमा मिडिया क्लबको आयोजनामा सोमबार पत्रकारहरुको क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा तिलोत्तमा क्षेत्रमा बसोबास गर्ने तथा यहाँका सञ्चारमाध्यममा कार्यरत ८० जना बढी सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले पत्रकारिता : भाषा र शैली, सिद्धान्त र हाम्रो अभ्यास विषयमा सहजीकरण गरेका थिए।

पत्रकारहरुको भाषिक दक्षता अभिवृद्धिका लागि क्लबले तिलोत्तमा नगरपालिकाको सहयोगमा क्षमता विकास कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँणले पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि नगरपालिका सधैं प्रतिबद्ध रहने स्पष्ट पारेका थिए। संघीय सरकारले ल्याएका सबै नीति नियम र निर्णय कार्यान्वयन गर्न स्थानीय सरकारले नसक्ने चर्चा गर्दै नगरप्रमुख खाँणले जिम्मेवार पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउने उल्लेख गरे।

यस्तै उप-प्रमुख जागेश्वरी चौधरीले पत्रकारिता जिम्मेवार पेशा भएकोले यस्ता कार्यक्रमले पत्रकारको दक्षता अभिवृद्धिमा टेवा पुर्‍याउने विश्वास व्यक्त गरिन्।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखेलले वर्तमान सरकारले सञ्चारमाध्यमप्रति विभेदकारी नीति लिएको चर्चा गर्दै यसकाविरुद्ध सबै पत्रकारहरुले बुलन्द आवाज उठाउनुपर्नेमा जोड दिए। यस्तै नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्वअध्यक्ष मोहन चापागाईंले संघीय सरकार मिडियाप्रति अनुदार देखिएको वर्तमान अवस्थामा स्थानीय मिडियालाई जोगाउने दायित्व स्थानीय सरकारको काँधमा आएको बताए।

» बाँकी ३ पेजमा

## संघीय सरकारले ठाडो निर्देशन दिन मिल्दैन: मुख्यमन्त्री

दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीय सरकारले प्रदेश र स्थानीय सरकारमाथि अनावश्यक हस्तक्षेप गर्न खोजेको भन्दै संविधानले दिएको अधिकारभन्दा बाहिर गएर निर्देशन जारी नगर्न आग्रह गरेका छन्।

तुलसीपुर उप-महानगरपालिकाको ३४औं स्थापना दिवसको तुलसीपुरमा सोमबार भएको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश र स्थानीय सरकार संविधानअनुसार स्वायत्त भएको स्पष्ट पारे। उनले संघीय सरकारले दिशा निर्देशन दिन सक्ने भए पनि ठाडो निर्देशन दिन नमिल्ने बताए।

'संविधानले निर्दिष्ट गरेका हकअधिकार कार्यान्वयनका लागि संघीय सरकारसँग समन्वय, सहकार्य र सह-अस्तित्व स्वीकार गरेर अघि बढ्न हामी तयार छौं। तर, त्यसभन्दा बाहिर गएर निर्देशन दिने कार्य उपयुक्त हुँदैन।'-उनले भने।

मुख्यमन्त्री आचार्यले भदौपछि विभिन्न खालका निर्देशन आउने क्रम बढेको उल्लेख गर्दै त्यसप्रति संघीय सरकारको गम्भीर ध्यानाकर्षण गराए। उनले संघीय सरकारले सञ्चार क्षेत्रप्रति गरेको व्यवहारप्रति पनि प्रदेश सरकार गम्भीर रहेको बताउँदै त्यस्ता निर्णय अविलम्ब सच्याउन माग गरे।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# आशा जगाउने बेला

एक वर्ष बितेर नयाँ वर्ष आउनु केवल क्यालेण्डर फेरिनु मात्रै होइन् । यो नयाँ योजना र कामको सुरुवात पनि हो । विगतको कामको समीक्षा गर्दै आगामी दिनमा गर्नुपर्ने कामको योजना निर्माण गर्ने अवसर हो । विगतका पीडा, संघर्ष र दुःखलाई बिर्सदै नयाँ कामको थालनी गर्ने मेसो पनि हो । निराशालाई चिर्दै आशा जगाउने बेला पनि हो । खुसी र उमङ्ग ल्याउने अवसर हो ।

हाम्रो नयाँ वर्ष अरुभन्दा अलि बेग्लै समयमा आउँछ । नयाँ वर्ष वसन्त ऋतुमा आउँछ । बसन्त ऋतुमा पूराना पात झरेर नयाँ पालुवा पलाउँछन् । प्रत्येक रूख बिरुवामा पालुवा पलाएर वनपाखामा हरियाली छाउँछ । रङ्गीचङ्गी फूलहरु फुल्छन् । वनमा विभिन्न प्रजातिका फलफूल फल्ने याम पनि हो । वसन्त ऋतुले प्रकृतिमा उत्साह ल्याउँछ । पालुवा पलाउँछ, प्रकृतिमा आउने उत्साहको प्रभाव पर्छ । कटुता बिर्सेर नयाँ सम्बन्धको खोजी गर्ने अवसर पनि हो । सकारात्मक सोंचको प्रवाह गर्ने समय पनि हो ।

नेपालीहरु दुःख र पीडालाई बिर्सेर सकारात्मक बन्न सक्छन् । निराशालाई मेटर उत्साह भर्न सक्छन् । नेपालीको उत्साह र उर्जाको स्रोत हाम्रो संस्कृति, चाडपर्व हुन् । नयाँ वर्ष पनि हाम्रो चाड हो । एकअर्कामा शुभकामना आदानप्रदानले सकारात्मक बनाउँछ । उर्जा दिन्छ, नकारात्मक भावनालाई हटाउँछ । हामी लामो समयदेखि राजनैतिक अस्थिरताको दुष्चक्रममा जेलिंदै आएका छन् । विसं. २०८२ राजनैतिक आरोह अवरोहको कठिन वर्ष रह्यो । नवयुवा आन्दोलन र विध्वंशमा भएको जनधनको क्षति र त्यसले समाजमा निर्माण गरेको भाष्यले समाजलाई अराजकतातर्फ डोऱ्याएको छ । जेनजी आन्दोलनपछि निर्वाचित सरकार विस्थापित भयो । संवैधानिक दायरा बाहिरबाट पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारले चुनाव गराएको छ । चुनावपछि संविधान लयमा फर्केको छ । नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त संविधाननै जोखिममा परेको बेला अनेक आशंका बढिरहँदा निर्वाचित सरकारले काम गर्न थालेपछि आशंकाहरु मेटिंदै गएका छन् । यद्यपि निर्वाचित सरकारले लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन र संवैधानिक मर्मअनुसार अघि बढ्न धेरै काम गरेर नागरिकको विश्वास जित्नुपर्नेछ ।

प्रविधिको विकासले समाजमा सूचनाको पहुँच छरितो भएको छ । समाज खुला र अन्तरक्रियामुखी भएको छ । अहिले संसार एउटा गाउँझै भएको छ । सूचना बिजुलीको गतिमा प्रवाह हुँदा त्यसको प्रभाव विस्तार भएको छ । प्रविधिको प्रयोगले अन्तरक्रियामुखी भएको समाजका सामु प्रधानमन्त्री बालेन्द्र साहसहितको टिम अर्न्तक्रियामुखी हुन आवश्यक छ । सरकार जति अन्तर्क्रियामुखी भयो त्यति नै नागरिकलाई सरकारप्रति भरोसा र विश्वास बढ्छ । सुशासन र पारदर्शी हुनु भनेको आफूले गर्न लागेको कामका बारेमा नागरिकलाई सत्य तथ्य जानकारी गराउनु पनि हो । अन्तरक्रिया मुखी सरकारले मात्रै अराजक समाजलाई लयमा हिडाउन सक्छ । समाज अराजक बनिरहेको र सरकार खुला नहुने प्रवृत्तिले लोकतान्त्रिक प्रणालीमाथि जोखिम बढ्न सक्छ । लोकतान्त्रिक प्रणाली संस्थागत हुँदै गरेको मुलुकमा झनै जोखिम छ ।

कोभिड महामारीपछि विश्व आर्थिक मन्दीको मारमा पऱ्यो । त्यसपछिको आर्थिक संकट र जेनजी आन्दोलन र विध्वंशले मुलुक झनै शिथिल भएको छ । शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सक्दा मात्रै समाजमा आशा पलाउन सक्छ । बदलिँदै गरेको विश्व परिवेश र भूराजनीतिको दुष्चक्रबाट मुलुकलाई बाहिर निकाल्दै मुलुकलाई लयमा हिंडाउन नेतृत्वले संयमित हुँदै विवेक पुऱ्याउन सक्नुपर्छ । नेतृत्व जिम्मेवार बन्दै नागरिकलाई अपील गर्न गऱ्यो भने सरकारको साथमा नागरिक हुन्छन् । नागरिकको साथले मात्रै सरकार हरेक चुनौतीको सामना गर्न सक्छ । मुलुकको संकट समाधानका लागि सबैले सकारात्मक पहलकदमी लिउँ । अन्त्यमा, मुलुकको समृद्धिको यात्रा अघि बढोस्, नयाँ वर्ष उत्साह र उमंगको होस्, नयाँ वर्ष शुभ होस्, हार्दिक शुभकामना !

# वर्तमान सरकार र सुशासनको मार्गचित्र



**विश्वनाथ खरेल**

उपलब्धिहरूको बाबजुद, सरकारको सबैभन्दा ठूलो परीक्षा भनेको निर्वाचनका बेला गरिएका आर्थिक वाचाहरू पूरा गर्नु हो । रास्वपाले पाँच वर्षभित्र १२ लाख रोजगारी सिर्जना गर्ने, जीडीपीलाई एकसय अर्ब डलर पुऱ्याउने र प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने लक्ष्य लिएको छ । तर, राष्ट्रको हालको आर्थिक संरचना, जुन रेमिट्यान्स (जीडीपीको करिब २० देखि २५ प्रतिशत) र अर्ध-आधुनिक कृषिमा टिकेको छ ।

नेपालको राजनीतिक इतिहास सधैँ परिवर्तनशील र अस्थिर रहँदै आएको छ । तर २०८२ चैत १३ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र साहले प्रधानमन्त्रीको शपथ लिएसँगै नयाँ युगको शुरुवात भएको छ । उनी नेपालका सबैभन्दा कान्छा प्रधानमन्त्री हुन् र उनी ऱ्यापरबाट राजनीतिज्ञ बनेका युवा नेताका प्रतिनिधि हुन् । उनको पार्टीले २०८२ फागुन २१ गतेको आमनिर्वाचनमा २७५ सिटमध्ये १८२ सिट जितेर ऐतिहासिक बहुमत प्राप्त गरेको थियो । यो निर्वाचन जेनजी पुस्ताको गत भदौ २३ र २४ गतेको आन्दोलनपछिको परिणाम हो ।

जसले पुराना दलहरूलाई भ्रष्टाचार र अक्षमताको आरोपमा पराजित गऱ्यो । वर्तमान सरकार रास्वपाको एकल बहुमतको सरकार हो । यो नेपालको संघीय संसदीय गणतन्त्रको इतिहासमा विरलै देखिएको स्थिरता हो । प्रधानमन्त्री बालेन साहले निर्वाचनअघि नै भ्रष्टाचारविरोधी, युवा रोजगारी, डिजिटल सुशासन र नागरिक केन्द्रित विकासको एजेन्डा बोकेका थिए । उनी काठमाडौं महानगरपालिकाको पूर्वमेयरको रूपमा आफ्नो कार्यकालमा सडक, फोहोर व्यवस्थापन र पारदर्शी प्रशासनको अभ्यास गरिसकेका थिए । अब राष्ट्रिय स्तरमा उनी सुशासनलाई मुख्य प्राथमिकता दिएर अगाडि बढिरहेका छन् । यो सरकारले जेनजी आन्दोलनको मर्मलाई सम्बोधन गर्दै सुशासनलाई राष्ट्रिय प्राथमिकतामा राखेको छ । यो सरकारले हालै सुशासन मार्गचित्र र सयबुँदे कार्ययोजना सार्वजनिक गरेको छ, जसले शासकीय सुधारलाई प्राथमिकता दिएको छ ।

सुशासन मार्गचित्र-२०८२ नेपालको शासकीय इतिहासमा एउटा कोसेढुंगा हो । यो लामो प्रतिवेदन जसमा विभिन्न किसिमका सुधार र क्रियाकलाप समावेश गरिएको छ । यो प्रतिवेदन अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा २०८२ पुस १४ मा गठित १५ सदस्यीय समितिले तयार पारेको हो । सो समितिको संयोजक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्की थिए । यसका सदस्यहरूमा विभिन्न मन्त्रालयका सह-सचिव, जेनजी प्रतिनिधि र नागरिक समाजका प्रतिनिधि थिए । समितिले चैत ३ मा प्रतिवेदन बुझाएको थियो र चैत १५ मा प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको हो । यो मार्गचित्र जेनजी आन्दोलनको प्रत्यक्ष परिणाम हो । भदौ २०८२ मा युवाहरूले भ्रष्टाचार, बेरोजगारी र अक्षम शासनविरुद्ध आन्दोलन गरेका थिए । जसले तत्कालीन केपी शर्मा ओली सरकारलाई हटाएको थियो । सो आन्दोलनकारीले माग गरेका थिए- भ्रष्टाचारमुक्त प्रशासन, पारदर्शी सेवा प्रवाह, जवाफदेही र नागरिक केन्द्रित शासन । जुन मार्गचित्रले यी मागहरूलाई वैज्ञानिक रूपमा विश्लेषण गर्दै दीर्घकालीन समाधान प्रस्ताव गरेको छ । यो कुनै साधारण नीति दस्ताबेज होइन, यो संघ, प्रदेश र स्थानीय तहका सबै सार्वजनिक निकायलाई भ्रष्टाचारमुक्त, पारदर्शी, चुस्त, मितव्ययी र समावेसी बनाउने दरिलो कदमको रुपमा खडा भएको हो ।

यस मार्गचित्रको मुख्य उद्देश्य तीनवटा रहेका थिए । जसमा पहिलो भ्रष्टाचारको जोखिम पहिचान र रोकथाम, दोस्रोमा प्रशासनिक पुनर्संरचना र दोहोरोपना हटाउने अनि तेस्रोमा नागरिक केन्द्रित सेवा प्रवाहको सरलीकरण एवं डिजिटल रूपान्तरण गर्ने रहेको छ । सोही प्रतिवेदनले राजनीतिक दलहरूका घोषणापत्रहरूको विश्लेषण गरेको छ । यसले व्यवस्थापिका (संसद्) र न्याय प्रशासनको सुधारमा पनि सुझाव दिएको छ । यसको मुख्य सिफारिसहरूमा करिब एक दर्जन सार्वजनिक संस्थान खारेज वा पुनर्गठन, २०४८ सालदेखि सार्वजनिक पदमा रहेका उच्च अधिकारीहरूको सम्पत्ति छानबिन र संरचनात्मक सुधारमा जोड दिइएको छ । एक पक्षलाई मात्र लक्षित गरेर सुशासन हुँदैन भन्ने सन्देश प्रतिवेदनको मूल मर्म हो । सुशासन भन्नाले पारदर्शिता, उत्तरदायित्व, विधिको शासन, जनसहभागिता, समावेशिता र प्रभावकारी सेवा प्रवाहको संयोजनलाई जनाउँछ । यसले नागरिकको विश्वास जित्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र विकासलाई दिगो बनाउने उद्देश्य राख्छ । नेपालको संविधानले पनि सुशासनलाई मूल मर्मको रूपमा आत्मसात् गरेको छ । तर यसलाई व्यवहारमा उतार्नका लागि राजनीतिक इच्छाशक्ति, संस्थागत सुधार र नागरिक सचेतना आवश्यक हुन्छ ।

प्रधानमन्त्री बालेन साहको सरकारले सुशासन मार्गचित्रलाई आफ्नो कार्यसूचीको केन्द्रमा राखेको छ । निर्वाचनअघि बालेनले ऱ्याप गीतमार्फत नै परिवर्तनको समयको सन्देश दिएका थिए । उनको रास्वपा पार्टीको घोषणापत्रमा भ्रष्टाचार नियन्त्रण, ई-गभर्नेन्स, युवा रोजगारी र पारदर्शी प्रशासन मुख्य थिए । मार्गचित्रको प्रकाशनसँगै यो सरकारले तत्काल कार्यान्वयन सुरु गर्न सक्ने आधार तयार भएको छ ।

वर्तमान सरकारको मुख्य विशेषता के हो भने यो पुराना दलहरूको गठबन्धनबाट मुक्त छ । यसर्थ रास्वपाले स्वतन्त्र र युवा केन्द्रित छवि बनाएको छ । प्रधानमन्त्री साहले शपथग्रहणपछि पहिलो सन्देशमा नै सुशासन, रोजगारी र स्थिरतालाई प्राथमिकता दिए । मार्गचित्रले प्रस्ताव गरेका क्रियाकलापमध्ये प्राथमिकता प्राप्त एकसयवटा कार्यसूची मन्त्रिपरिषद्बाट अनुमोदन हुन सक्ने सम्भावना छ । यसमा डिजिटल सेवा प्रवाह, सहकारी सुधार, बजेट प्रणालीको पुनर्संरचना र सार्वजनिक संस्थानको सुशासन नीति समावेश छन् ।

त्यसरी नै मार्गचित्रका मुख्य स्तम्भहरू र व्यावहारिक सुझावहरूमा भ्रष्टाचारलाई शासनको मुख्य चुनौती मानेको छ । यसले जोखिम पहिचान प्रणाली, सम्पत्ति छानबिन र एकीकृत अनुसन्धान संयन्त्रको सिफारिस गरेको छ । वर्तमान सरकारले यो क्षेत्रमा तत्काल कदम चाल्न सक्छ । जस्तै- उच्च अधिकारीहरूको सम्पत्ति विवरण अनलाइन सार्वजनिक गर्ने, भ्रष्टाचार मुद्दामा समयबद्ध सुनुवाइ र डिजिटल ट्र्याकिङ प्रणाली पनि हो । फलतः संघीयतापछि दोहोरो संरचना बढेको छ । मार्गचित्रले अनावश्यक संस्थान खारेज, पद र प्रक्रियामुखीबाट परिणाममुखी प्रशासनमा रूपान्तरणको सुझाव दिएको छ । यसले कर्मचारी सरुवा, पदोन्नति र कार्यसम्पादन मूल्यांकनमा पारदर्शी प्रणालीको माग गरेको छ ।

लेन सरकारले यो सुधारलाई प्राथमिकता दिँदै एकद्वार प्रणाली लागू गर्न सक्छ । नागरिकले दैनिक भोग्ने ढिलासुस्ती, घुस र झन्झटलाई सम्बोधन गर्न मार्गचित्रले एक अनलाइन एक सेवा मोडेल प्रस्ताव गरेको छ । पासपोर्ट, नागरिकता, जग्गा दर्ताजस्ता सेवा पूर्ण डिजिटल बनाउने । वर्तमान सरकारको काठमाडौं अनुभव यहाँ उपयोगी हुन्छ । त्यस्तै डिजिटल सुशासन र ई-गभर्नेन्समा मार्गचित्रले विद्युतीय शासनलाई मुख्य आधार मानेको छ । नागरिक एप, ब्लकचेन आधारित ट्रान्सपरेन्सी र एआई प्रयोग गरी सेवा प्रवाहको सिफारिस छ । यो क्षेत्रमा नेपालले भारत र इन्डोनियाको मोडेल अपनाउन सक्छ । जुन प्रतिवेदनले परिणाममुखी बजेट, राजस्व प्रणालीको सुधार र सार्वजनिक खर्चमा मितव्ययिताको जोड दिएको छ । सहकारी क्षेत्रको सुधार पनि यसमा समावेश छ, जसले युवा उद्यमशीलतालाई प्रोत्साहन दिन्छ । यसमा पनि व्यवस्थापिका र न्याय प्रशासन सुधारलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने तय भएको छ । त्यसमा संसद्को कार्यशैली, विधेयक निर्माण र न्यायालयमा ढिलासुस्ती हटाउने सुझाव छन् । यो सुधारले समग्र लोकतन्त्रलाई मजबुत बनाउँछ ।

सुशासन मार्गचित्र उत्कृष्ट दस्तावेज हो तर कार्यान्वयन नै मुख्य चुनौती हो । नेपालमा विगतमा दर्जनौं प्रशासन सुधार प्रतिवेदन आए तर धेरैजसो फाइलमा सीमित रहे । वर्तमान सरकारको बहुमतले कानुनी र नीतिगत सुधार सजिलो बनाएको छ तर राजनीतिक संस्कृति, कर्मचारीतन्त्रको प्रतिरोध र स्रोत अभावले बाधा पुऱ्याउन सक्छ । सम्भावना भने उज्ज्वल छ । बालेन साहको युवा नेतृत्व, आरएसपीको नयाँ छवि र जेनजीको समर्थनले यो सरकारलाई जनआन्दोलनको भावनाअनुसार काम गर्न दबाब दिइरहेको छ ।

यदि मार्गचित्रलाई ५ बर्से कार्ययोजनामा रूपान्तरण गरी मापनयोग्य सूचकांकसहित लागू गरियो भने नेपालले सुशासनको नयाँ मोडेल प्रस्तुत गर्न सक्छ । यसले विदेशी लगानी, पर्यटन र युवा आत्मविश्वास बढाउँछ ।

मुलुकको वर्तमान सरकारले ल्याएको सुशासन मार्गचित्र-२०८२ ले एउटा सकारात्मक आशा जगाएको छ । तर, विगतका अनुभवहरूले भन्छन् कि नेपालमा नीति खराब छैनन्, नियत र कार्यान्वयनमा खोट छ । यदि वर्तमान सरकारले साँच्चै नै डेलिभरीलाई केन्द्रमा राखेर, राजनीतिक स्वार्थभन्दा माथि उठी यो मार्गचित्र लागू गर्न सकेमा नेपालको राजनीतिक र आर्थिक भविष्य उज्ज्वल छ । सुशासन केवल सरकारको जिम्मेवारी मात्र होइन, यो नागरिकको सचेतना र खबरदारीमा पनि निर्भर गर्दछ । जबसम्म नागरिकले आफ्नो अधिकार र कर्तव्यप्रति सजग भई गलत कार्यको विरोध गर्दैनन्, तबसम्म सुशासनको जग बलियो हुन सक्दैन । वि.सं. २०८२ नेपालको इतिहासमा एउटा सुधारको वर्ष बन्न सकोस् भन्ने नै आम नेपालीको चाहना हो ।

सरकारले आफ्नो पहिलो सय दिनमै ठोस काम गर्ने वाचा गरेको छ । यस अवधिमा सरकारले प्रशासनिक ढाँचा परिवर्तन, मन्त्रालय घटाउने, भ्रष्टाचारविरुद्धको कारबाही, विद्यार्थी राजनीति अन्त्य र महिलाहरूका लागि निःशुल्क ब्लू बस सेवा सञ्चालनजस्ता कामहरू अघि बढाउने योजना बनाएको छ । स्वास्थ्य क्षेत्रमा निजी अस्पतालहरूले १० प्रतिशत शैया निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने भनिएको छ । तर, यी सबै उपलब्धिहरूको बाबजुद, सरकारको सबैभन्दा ठूलो परीक्षा भनेको निर्वाचनका बेला गरिएका आर्थिक वाचाहरू पूरा गर्नु हो । रास्वपाले पाँच वर्षभित्र १२ लाख रोजगारी सिर्जना गर्ने, जीडीपीलाई एकसय अर्ब डलर पुऱ्याउने र प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने लक्ष्य लिएको छ । तर, राष्ट्रको हालको आर्थिक संरचना, जुन रेमिट्यान्स (जीडीपीको करिब २० देखि २५ प्रतिशत) र अर्ध-आधुनिक कृषिमा टिकेको छ । यी लक्ष्यहरू हासिल गर्न अत्यन्तै कठिन देखिन्छ । विदेशी लगानीको वातावरण, ऊर्जा क्षेत्रको विश्वसनीयता र निर्यात प्रवर्द्धनमा सरकारले ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

निचोडमा भन्नुपर्दा, नेपालको वर्तमान सरकार र सुशासन मार्गचित्र एक-अर्काका पूरक हुन् । मूलतः बालेन साहको सरकारले यो मार्गचित्रलाई आफ्नो कार्यकालको मार्गदर्शक बनाउन सक्छ भने मार्गचित्रले सरकारलाई स्पष्ट दिशा दिन्छ । यो दुवैले मिलेर देशलाई भ्रष्टाचारमुक्त, समृद्ध र नागरिक केन्द्रित राष्ट्र बनाउने अवसर छ । देशको वर्तमान सरकार सुशासन स्थापना गर्ने अवसर र चुनौती दुवैको सामना गरिरहेको छ । अतः संविधानले दिएको अधिकार र संरचनालाई सही रूपमा प्रयोग गर्न सकेमा देशलाई समृद्धिको मार्गमा अघि बढाउन सकिन्छ । यसर्थ सुशासन कुनै एक दिनमा प्राप्त हुने उपलब्धि होइन, यो निरन्तर सुधार, प्रतिबद्धता र सहकार्यको परिणाम हो । अपितु राजनीतिक इच्छाशक्ति, संस्थागत सुदृढीकरण र नागरिक सहभागिताको माध्यमबाट मात्र मुलुकले सुशासनको लक्ष्य हासिल गर्न सक्छ । अन्ततः सुशासन नै समृद्ध नेपाल र सुखी नेपालीको आधार पनि हो ।

समाचारपत्रबाट

# क्यान्सरसम्बन्धी १० भ्रम र यथार्थ

**कमला गुरुङ**

मानव शरीर कयौँ कोषिकाहरुबाट बनेको हुन्छ । स्वस्थ शरीरमा कोषहरु तन्तु र अंगहरुको सामान्य कार्यलाई कायम राख्न नियन्त्रित तरिकाले जन्मिन्छन्, काम गर्छन् र मर्छन् । यो एउटा सामान्य प्रक्रिया हो ।

तर केही कोषिका शरीरमा अनियन्त्रित तरिकाले बढ्छन् । गाँठो (ट्युमर) बनाउँछन् र वरिपरिका स्वस्थ कोष र अंगलाई क्षति पुऱ्याउँछन् ।

यसरी शरीरमा अनियन्त्रित रुपमा कोषहरु बढ्दै जानुलाई क्यान्सर भनिन्छ । यसलाई समयमै नष्ट गरिएन वा हटाइएन भने यो शरीरभरी फैलिन्छ र, मानिसको मृत्यु नै हुन सक्छ ।

क्यान्सर रोगको जोखिम नेपालसहित विश्वभर बढ्दैछ । अस्वस्थकर जीवनशैली र खानपानका कारण विश्वमै क्यान्सर रोगको भार बढ्दो छ । क्यान्सरको उपचार यात्रा अझै पनि सहज बनिसकेको छैन । बिरामीमा लक्षण देखिने चरणदेखि उपचारसम्मको यात्रा धेरै चुनौतीपूर्ण छन् ।

जनचेतनाको कमी, उपचारमा ढिलाइ र स्वास्थ्य सेवामा पहुँच जस्ता समस्याले क्यान्सर रोगको निदान अझै पनि चुनौतीपूर्ण छ । यो सँगै नेपाली समाजमा क्यान्सरसम्बन्धी यस्ता भ्रमहरु छन्, जसका कारण अहिले पनि बिरामीहरु यथार्थबाट टाढा छन् । क्यान्सरसम्बन्धी जनमानसमा रहेका मुख्य १० वटा भ्रम र यसका यथार्थबारे हामीले क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाहीसँग नै स्पष्ट हुने प्रयास गरेका छौँ । क्यान्सर रोग र यसको उपचारका क्षेत्रमा लामो अनुभव बटुलेका डा. शाहीसँग गरिएको कुराकानीका आधारमा मुख्य १० वटा भ्रम र यथार्थ निम्न प्रकारका छन् :

**१. बायोप्सी वा शल्यक्रियाले क्यान्सर फैलिन्छ**

यथार्थ : क्यान्सरसम्बन्धी जनमानसमा रहेको पहिलो र प्रमुख भ्रम हो, बायोप्सी वा शल्यक्रियाले क्यान्सर फैलिन्छ । बायोप्सी र शल्यक्रिया क्यान्सर उपचारको महत्वपूर्ण पाटो हुन् । यसले क्यान्सर फैलिने वैज्ञानिक रुपमा हालसम्म प्रमाणित भइसकेको छैन । बरु बायोप्सी सही निदान र उचित उपचारका लागि अत्यावश्यक हुने डा. शाही बताउँछन् ।

**२. क्यान्सर निको नहुने रोग हो**

यथार्थ : क्यान्सरलाई प्राणघातक रोगको रुपमा चिनिन्छ । क्यान्सरसम्बन्धी सही चेतना र जानकारीको कमी अझै पनि समस्याको रुपमा छ । क्यान्सर लाग्नासाथ व्यक्तिको मृत्यु भइहाल्छ भन्ने भ्रम अधिकांशमा भेटिन्छन् । तर समयमै पत्ता लागे धेरै प्रकारका क्यान्सर पूर्णरुपमा निको हुने डा. शाही बताउँछन् । साथै सही समयमा गरिएको निदान र सही उपचारले क्यान्सरलाई लामो समय नियन्त्रणमा समेत राख्न सकिन्छ ।

**३. क्यान्सर लागेपछि उपचारको अर्थ हुँदैन**

यथार्थ : कुनै पनि रोगको निदानपछि उपचारको पाटो सबैभन्दा महत्वपूर्ण हुन्छ । सही समयमा गरिएको निदान र उपचारले नै कुनै पनि रोग निको हुन सक्छ । तर अझै पनि क्यान्सर लागेपछि उपचारको कुनै अर्थ नै हुँदैन भन्ने भ्रम धेरैमा छ । तर डा. शाहीका अनुसार उपचारले जीवन लम्ब्याउनुका साथै लक्षण कम गर्नु र जीवनको गुणस्तर सुधार्नु महत्वपूर्ण उपलब्धि हो ।

**४. क्यान्सर वंशाणुगत मात्रै हुन्छ**

यथार्थ : अस्वस्थकर खानपान र जीवनशैलीले अन्य रोगसँगै क्यान्सरको जोखिम पनि बढाउँदै लगेको छ । धूम्रपान, मदिरा सेवा, सुर्तिजन्य पदार्थको पदार्थको प्रयोग, संक्रमण आदिका कारण क्यान्सरको जोखिम बढ्दो छ । थोरैमा मात्र क्यान्सर वंशाणुगत भए पनि यो जीवनशैलीमा भर पर्दछ ।

**५. क्यान्सर सँगै बस्दा, सुत्दा र खाँदा सर्छ**

यथार्थ : क्यान्सर नसर्ने रोग हो । यो एक व्यक्तिबाट सर्दैन । क्यान्सर भएको व्यक्तिसँग सँगै सुत्दा, बस्दा र खाँदा यो रोग सर्दैन । तर केही भाइरसहरु एचपिभी, हेपाटाइटिसले क्यान्सरको जोखिम भने बढाउन सक्छ । तर यी भाइरसले क्यान्सर सार्ने भन्ने होइन ।

**६. क्यान्सरको उपचार नेपालमा संभव छैन**

यथार्थ : क्यान्सरको उपचार नेपालमै संभव छ । नेपालकै सरकारी तथा निजी अस्पतालमा आधुनिक र गुणस्तरीय उपचार संभव छ । साथै आवश्यकता अनुसार यी अस्पतालहरुले अन्य देशहरुसँग पनि सहकार्य गर्दै आएको छ । नेपालमा क्यान्सर उपचारका लागि सरकारीस्तरबाट भक्तपुर क्यान्सर अस्पताल, भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल तथा नेपालगन्जस्थित सुशील कोइराला क्यान्सर अस्पताल क्यान्सरको विशिष्टीकृत अस्पताल सञ्चालित छन् । यो बाहेक वीर, त्रिवि शिक्षण, पाटन अस्पताल, कान्ति बाललगायतका अस्पतालहरुमा पनि क्यान्सरको आंशिक उपचार पाउन सकिन्छ ।

**७. क्यान्सरको उपचार अत्यन्त महँगो हुन्छ**

यथार्थ : क्यान्सरको सबै उपचार महँगो हुँदैनन् । सरकारी सहयोग, बिमा, सहुलियत कार्यक्रम पनि रहेको छ । सरकारले विपन्न नागरिकका लागि सबै प्रकारका क्यान्सरसम्बन्धी शल्यक्रिया, किमोथेरापी, रेडियोथेरापी, औषधि, शैया तथा प्रयोगशाला सेवाका लागि १ लाख रुपैयाँसम्मको सहुलियत उपलब्ध गराउँदै आएको छ ।

**८. जडीबुटी वा घरेलु उपचारले क्यान्सर निको हुन्छ**

यथार्थ : अझै पनि कतिपय व्यक्तिहरु क्यान्सर लागेपछि जडीबुटी वा घरेलु उपाय अपनाउने गर्छन् । तर त्यसो गर्दा उपचारमा ढिलाई हुन्छ र, समयमै अस्पताल नगए ज्यान जोखिममा पर्न सक्छ । जडीबुटी वा घरेलु उपचारले क्यान्सर निको पार्ने हालसम्म वैज्ञानिक प्रमाण नभएको डा. शाही बताउँछन् ।

**९. क्यान्सर वृद्धहरूलाई मात्र हुन्छ**

यथार्थ : क्यान्सर जुनसुकै उमेरका व्यक्तिलाई पनि हुन सक्छ । बालबालिकादेखि युवा र वृद्धवृद्धा सबै यसको जोखिममा पर्छन् । अस्वस्थकर जीवनशैली र वंशाणुगत कारण क्यान्सरको जोखिममा सबै पर्छन् । क्यान्सरबाट बच्ने उपाय भनेकै समय समयमा यसको परीक्षण गर्नु हो ।

**१०. क्यान्सर भएको कुरा लुकाउनु राम्रो हुन्छ**

यथार्थ : क्यान्सर एक व्यक्तिबाट अर्कोमा सर्ने रोग होइन । न त यो कुनै पाप नै हो । त्यसैले क्यान्सर भएको आशंका हुने बित्तिकै उपचारमा जानु ठिक हुन्छ । उपचार जति ढिलो सुरु हुन्छ, यो रोग त्यति नै फैलिन्छ । उपचार प्रक्रिया पनि जटिल र महँगो हुन्छ । त्यसैले खुला रूपमा जानकारी लिएर उपचार सुरु गर्दा सही सहयोग, मानसिक बल र सामाजिक समर्थन प्राप्त हुन्छ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार सामान्य अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ४.१८ अङ्कले घटेर दुई हजार ८३३.६० बिन्दुमा कायम भएको हो ।

३४२ कम्पनीको दुई करोड एक लाख ६३ हजार ७९३ कित्ता सेयर एक लाख एक हजार १८० पटक खरिदबिक्री हुँदा आठ अर्ब ६६ करोड ५५ लाख ६८ हजार ६४१ रुपैयाँ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ ०.४७, विकास बैंक ०.५५, वित्त ०.२९, जीवन बिमा ०.४६, लघुवित्त ०.४२, व्यापार ०.२१ र अन्य समूह १.६२ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । होटल तथा पर्यटन १.०२, जलविद्युत् ०.६६, लगानी ०.१३, उत्पादन तथा प्रशोधन ०.४०, म्युचुअल फन्ड ०.३६ र निर्जीवन बिमा ०.४६ प्रतिशतले बढेको छ ।

कारोबारमा चारवटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको नेप्सेले जनाएको छ ।



**गोलभेडाको बेर्ना रोप्दै कामदारः**
दाङको घोराही उप-महानगरपालिका-२ स्थित निमुरियाका हरि जिसीले व्यावसायिक खेतीका लागि भाडामा लिएको जमिनमा गोलभेडाको बेर्ना रोप्दै कामदार। तस्विरः कुलदीप न्यौपाने/रासस

# नयाँ वर्षको शुभकामना आदानप्रदान

बुटवल । रूपन्देही उद्योग संघले नयाँ वर्ष २०८३ साल पूर्व सन्ध्यामा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा आयोजित कार्यक्रममा पूर्वअध्यक्षहरु, सल्लाहकार, पदाधिकारी, कार्यसमिति सदस्यहरु, संस्थागत सदस्य तथा वस्तुगत समिति संयोजकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रम महासचिव सुमन बस्यालले सञ्चालन गरेका थिए भने प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले स्वागत मन्तव्य व्यक्त गरेका थिए । सहभागीहरूले नयाँ वर्षमा बाँकी रहेका अधुरा काम पूरा गर्दै उद्योग क्षेत्रको विकास, उद्यमीको हित संरक्षण तथा औद्योगिक वातावरण सुधारमा संस्थागत अभियानलाई निरन्तरता दिनुपर्ने र आगामी दिनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए ।

वक्ताहरूले औद्योगिक क्षेत्रमा देखिएका कच्चा पदार्थको अभाव, ऊर्जा आपूर्तिको अनिश्चितता, बढ्दो उत्पादन लागत, बजार विस्तारको चुनौती, बैंकिङ ब्याजदर तथा नीतिगत असहजता जस्ता समस्याको समाधानका लागि संघले थप सक्रिय पहल गर्नुपर्ने धारणा राखेका थिए । साथै संस्थागत विकासलाई थप मजबुत बनाउँदै उद्योगमैत्री वातावरण सिर्जना गर्न संघले सरोकारवालासँग समन्वय बढाउनुपर्नेमा उनीहरुले जोड दिएका थिए ।

कार्यक्रममा सहभागीहरूले एक-अर्काबिच शुभकामना आदानप्रदान गर्दै नयाँ वर्ष २०८३ मा अधुरा रहेका योजनाहरू पूरा हुने, उद्योग क्षेत्र थप सुदृढ हुने र आर्थिक गतिविधि विस्तार हुने कामना गरेका थिए ।

संघले आगामी दिनमा उद्योगी-व्यवसायीका समस्या समाधान, नीति सुधारका लागि पैरवी, औद्योगिक प्रवर्द्धन तथा रोजगारी सिर्जनामा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता रहने जनाएको छ ।

### रूपन्देही सुपरलिगः

# देवदह क्रिकेट क्लब पनि ‘ए’ डिभिजनमा

भैरहवा । भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगितामा देवदह क्रिकेट क्लब पनि ‘ए’ डिभिजनमा उक्लिएको छ । ‘बी’ डिभिजनको सोमबारको खेलमा स्टार क्रिकेट क्लबलाई ४१ रनले हराउँदै देवदह ‘ए’ डिभिजनमा बढुवा भएको हो । यसअघि बुद्ध क्रिकेट क्लब ‘ए’ डिभिजनमा बढुवा प्रवेश भइसकेको छ ।

सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको देवदहले ४९ ओभर ५ बलमा सबै विकेटको नोक्सानीमा १ सय ७२ रनको बलियो योगफल बनायो । उसका लागि कृष्ण कार्कीले ४१, सुरज खड्काले ३५, संकेत भट्टराईले २८ र शशिधर टण्डनले १२ रन बनाए । बलिङमा स्टारका तुलबहादुर थापाले ३ तथा फैजन खान, शुभम खनाल र सिद्धार्थ ढकालले समान २-२ विकेट लिए ।

जवाफी बयाटिङ गरेको स्टार ४५ ओभर ३ बलमा अलआउट हुँदै १ सय ३१ रनमै रोकियो । उसका लागि शुभम खनालले ३२, समिप पौडेलले २२, कृष्ण विक र विन्दराम यादवले समान १९-१९ तथा तुलबहादुर थापाले १० रन बनाए । बलिङमा देवदहका कृष्ण पराजुलीले ४ तथा सुदीप अर्याल र कृष्ण कार्कीले समान ३-३ विकेट हात पारे । खेलमा कृष्ण कार्की प्लेयर अफ द म्याच घोषित भई एक हजार दुई सय रुपैयाँ हात पारे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन् । यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए । प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग बाणिज्य संघले प्रायोजन गरेको छन् ।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट व्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाण्डौं**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस सूचनाद्वारा सर्वसाधारण सबैमा जानकारी गराइन्छ कि श्री शान्दुक ग्रुप (दर्ता नं. २०९४४६),सिद्धार्थनगर नगरपालिका-७, रुपन्देही स्थित उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम विशेष प्रस्ताव पारित गरी कम्पनीको दर्ता खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ । यस सम्बन्धमा, यदि कसैको उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य हकदावी बाँकी रहेको भए, सोको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा उपस्थित भई आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालामा अनुरोध गरिन्छ । तोकिएको म्यादभित्र दाबी पेश नगरेमा प्रचलित कानून बमोजिम उक्त कम्पनीको दर्ता खारेज प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।


### ओझेलमा सिद्धार्थ राजमार्ग

# संसदमा उठ्छ, बजेटमा समावेश हुन्छ, तर स्तरोन्नति अन्योलमा



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

चैत्र २५ गते प्रतिनिधिसभा बैठकमा स्याङ्जा क्षेत्र नं. २ का सांसद झविलाल डुम्रेले सिद्धार्थ राजमार्गको विषय उठान गरे । सिद्धार्थ राजमार्गको दयनीय अवस्थाका बारेमा विषय उठाउँदै सांसद डुम्रेले स्तरोन्नतिको सरकारसँग माग गरे । संसदमा सिद्धार्थ राजमार्गको स्तरोन्नतिको विषय उठेको यो पहिलो पटक भने होइन । २०६४ सालदेखि २०८२ सालसम्म भएका संविधानसभा निर्वाचन र प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित सांसदले संसदमा यो राजमार्गको विषय उठाउँदै आएका छन् । सांसद डुम्रेभन्दा अगाडिका सांसदहरुले पनि संसदको शून्य समयमा सिद्धार्थ राजमार्गको दयनीय अवस्थाका बारेमा बोल्दै आएका थिए । संसदमा कुरा उठ्छ, बजेटमा पनि समेट्ने काम हुन्छ, तर सधैं स्तरोन्नतिको काम अन्योलमा पर्दै आएको छ । दुई प्रदेश जोड्ने धार्मिक पर्यटकीयदेखि व्यपारिक राजमार्ग लामोसमयदेखि बन्छ भन्ने आश्वासनले स्याङ्जावासी चिन्तित् देखिएका छन् ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि यो राजमार्गको स्तरोन्नतिका लागि सबै दलहरुका घोषणपत्रमा बनाउन पहल गर्ने उल्लेख गरेका थिए । यो पटक मात्रै यसभन्दा अगाडिका निर्वाचनमा पनि सबै राजनीतिकदलहरुले आ–आफ्ना घोषणापत्रमा सिद्धार्थ राजमार्गको स्तरोन्नोतिका लागि पहल गर्ने प्रतिबद्धता जनाएका थिए । तर जुनसुकै राजनीतिकदलको सरकार बनेपनि यो राजमार्ग प्राथमिकतामा पर्न सकेन । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका दलहरु भौतिक पूर्वाधार तथा आधारभूत विषयलाई समेटेर निर्वाचनमा गएका थिए । सबै दलहरुको अत्यधिक चर्चा हुँदै आएको सिद्धार्थ राजमार्गको स्तरोन्नतिको विषयलाई साझा मुद्दा बनाए पनि अहिलेसम्म प्रथामिकतामा पार्न भने सकेका छैनन् ।

२०२९ सालमा राजा वीरेन्द्रले विधिवत उद्घाटन गरेपछि सुरु भएको सिद्धार्थ राजमार्ग नेपालकै पुरानो मध्येको एक सडक हो । तराई-पहाड जोड्नेगरी निर्माण गरिएको यो राजमार्ग कुनै बेलाको महत्वपूर्ण सडकको रुपमा रहेको थियो । भारतको नाका सुनौलीदेखि पोखरासम्मको यो राजमार्गले रुपन्देही, पाल्पा सगै तत्कालिन गण्डकी अञ्चल र धौलागिरी अञ्चलका नागरिकको दैनिकी धान्ने सडक पनि हो । पछिल्लो समय सवारीसाधनको चाप बढेपछि साघुरिएको यो राजमार्ग स्तरोन्नतिको लागि प्रत्येक पटकको चुनावी एजेन्डा बन्दै आए पनि अहिलेसम्म बन्न सकेको छैन ।

झण्डै ६० वर्ष पुरानो यो मार्ग साँघुरो, घुम्ती र जीर्ण बन्दै गइरहेका कारण हाल कालीगण्डकी करिडोरलगायतका वैकल्पिक मार्गहरूको प्रयोग बढ्दो छ, जसले मार्ग वरपरका बजार ओझेलमा पर्ने स्थानीय चिन्ता बढेको छ । यो क्षेत्रको विकासको लागि सिद्धार्थ राजमार्ग महत्वपूर्ण रुपमा हेरिन्छ । लामो समयदेखि स्तरोन्नतिको पर्खाईमा रहेको यो राजमार्गको विषयले धेरै मतदाताको ध्यान तान्ने गर्दछ । गोपालमान श्रेष्ठ, पद्माकुमारी अर्याल, कमल पंगेनी, धनराज गुरुङ, नारायण मरासिनी, राजु थापालाई निर्वाचित गरे पनि राजमार्ग स्तरोन्नति अधुरै रहेको भन्दै गुनासो गर्दै आएका छन् । स्याङ्जाबाट निर्वाचित भएका सांसदहरुल पटक–पटक संसदमा राजमार्गको स्तरोन्नतिको विषय नउठाएका पनि होइनन् । आर्थिक वर्ष २०८२/०८३ को बजेटमा राजमार्ग स्तरोन्नतिको काम सुरु हुन्छ भन्ने ढुक्कमा रहेका स्याङ्जावासी जेनजी आन्दोलनअघि तत्कालिन अर्थमन्त्री रहेका विष्णु पौडेलले सिद्धार्थ राजमार्गका लागि बजेट विनियोजन गरेको चर्चा चलेको थियो, तर अहिले त्यो यसै सेलाएको छ ।

नेपाली कांग्रेस स्याङ्जाका सभापति तथा पूर्व सांसद राजु थापाले संसदमा रहँदा बारम्बार आफूले राजमार्ग स्तरोन्नतिका लागि आवाज उठाउँदै आएको बताए । ‘यो पटकको बजेटमा राजमार्गको काम सुरु हुने थियो,’ सभापति थापाले भने-‘जेनजी आन्दोलनपछि राजमार्ग बन्ने विषय अन्योलमा पऱ्यो, जुन पार्टीको सरकार बने पनि सिद्धार्थ राजमार्गलाई साझा मुद्दा बनाएर सबैदलहरु लाग्नुपर्छ ।’

स्याङ्जाको आर्थिक मेरुदण्डका रूपमा रहेको सिद्धार्थ राजमार्गलाई ‘डेडिकेटेड टू-लेन’ मा रूपान्तरण गर्ने कार्यलाई मुख्य प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने अहिले आवश्यकता रहेको छ । सडक विभाग काठमाडौंका सूचना अधिकारी शुभाञ्जन दाहालले आगामी २०८३/०८४ को बजेटमा यो राजमार्ग समिटिनेमा विश्वास व्यक्त गरे । यो आर्थिक वर्षमा स्तरोन्नतिका लागि २० करोड बजेट छुट्टीए पनि सरकार परिवर्तनसँगै अहिले ओझेलमा परेको दाहालको भनाइ छ । ‘यो महत्वपूर्ण सडक हो भनेर नयाँ मन्त्रीलाई पनि भनेका छौं,’ दाहालले भने-‘श्रोत व्यवस्थापनको काम अगाडि बढेको छ, यो पटक पनि संसदमा उठेकाले आउने आर्थिक वर्षमा पक्कै सम्बोधन हुनेछ ।’ नेपाली पैसाले बनाउन सकिन्छ वा विदेशी सहयोग लिने भन्ने विषय अझै छलफलको क्रममा रहेको दाहालको भनाइ छ । विशेषगरी अहिले चाइना कम्पनी वा विश्व बैंकका विषयमा छलफल भएको उनले बताए । ‘चाइनाभन्दा विश्व बैंकले केही सस्तोमा बनाइदिने विषयमा छलफल भइरहेको छ,’ उनले भने-‘जे सुकै भए पनि यो महत्वपूर्ण सडक हो, अबको आर्थिक वर्षको बजेटमा कार्यालय खोल्नेसम्मको भए पनि काम सुरु हुन्छ ।’

सडक विभागको कुराकानीमा अबको दुई वर्षभित्र सिद्धार्थ राजमार्गको स्तरोन्नतिको काम सुरु हुने विश्वास लिइएको छ । तर अबको सरकारले यो सडकलाई प्रथामिकतामा राख्छ वा राख्दैन त्यो भने हेर्न बाँकी छ । अहिले पनि प्रथामिकतामा यो सडक परेन भने राजमार्ग बन्ने विषय सधैँका लागि ओझेलमा पर्ने सम्भावना बढ्ने देखिन्छ ।


# तिनाउ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**दोभान, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल**
**तिनाउ गाउँपालिका वडा नं. २ मा पर्ने बन्चरे डाँडा क्षेत्रबाट निर्माणजन्य पदार्थको व्यवस्थापन कार्यको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

## सार्वजनिक सूचना

(प्रकाशित मितिः२०८३/०१/०१)

लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, तिनाउ गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामःतिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय<br>ठेगानाः दोभान, पाल्पा, लुम्बिनी प्रदेश<br>ईमेलःtinaururalmunicipality@gmail.com,<br>वेबसाईटः https://tinaumun.gov.np/<br>फोन नं.:+०७५-४१३०६३ |
| प्रस्तावको व्यहोरा | तिनाउ गाउँपालिका वडा नं. २ मा पर्ने बन्चरे डाँडा आक्षांश (२७° ४५' २९.८७"उत्तर) र देशान्तर (८३° २६'४४.०६" पुर्व)क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा निर्माण जन्य पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा नं.२ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न तिनाउ गाउँपालिका २ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री तिनाउ गाउँपालिका, दोभान, पाल्पा, लुम्बिनी प्रदेश<br>tinaururalmunicipality@gmail.com,,फोन नं. +०७५-४१३०६३ |
| परामर्शदाताको नाम र ठेगाना | युनिभर्सल इन्जिनियरिंग कन्सल्टेन्ट एंड बिल्डर्स, तिलोत्तमा-०५<br>uecb2017@gmail.com, फोन नं. ९८६७१८९०५१ |


## संघीय...

क्लबका अध्यक्ष बीपी गौतमको अध्यक्षता, उपाध्यक्ष टिआर शर्माको स्वागत र सचिव कल्पना तिवारीको सञ्चालनमा कार्यक्रम भएको हो ।

सोही कार्यक्रममा तिलोत्तमा मिडिया क्लबले ज्ञान-काशी स्मृति पत्रकारिता पुरस्कार पत्रकार रेखा भुसाललाई प्रदान गरेको छ । नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्वअध्यक्ष मोहन चापागाईंले आफ्ना बुबाआमाको स्मृतिमा तिलोत्तमा मिडिया क्लबको सहकार्यमा पत्रकारिता पुरस्कार स्थापना गरेका हुन् । चापागाईंले आफूले पाएको भत्ता रकम संकलन गरेर अक्षयकोष स्थापना गरी त्यसको ब्याजबाट हरेक वर्ष २५ हजार रुपैंयाँ राशीको पुरस्कार दिने गरेका छन् ।

सोमबार तिलोत्तमाको ड्राइभरटोलमा आयोजित कार्यक्रममा उक्त पुरस्कार पत्रकार भुसाललाई प्रदान गरिएको हो ।

नागरिक दैनिकमा आबद्ध पत्रकार भुसाल दुई दशकदेखि रुपन्देहीमा रहेर पत्रकारितामा क्रियाशील रहेकी छिन् । उनलाई तिलोत्तमाका नगरप्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जागेश्वरी चौधरी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य धर्मेन्द्र झा, पुरस्कारका संस्थापक मोहन चापागाईं, महासंघका केन्द्रीय सदस्य रामराज पोखरेलले उक्त पुरस्कार प्रदान गरेका हुन् । त्यसअवसरमा पुरस्कृत पत्रकार भुसालले पुस्कारले आफूलाई थप जिम्मेवार भएर पत्रकारितामा क्रियाशील रहन प्रेरणा दिएको बताइन् । पत्रकार यमलाल भुसाल संयोजक तथा ईन्दिरा अर्याल र टिआर शर्मा सदस्य रहेको मूल्यांकन समितिको सिफारिसको आधारमा यस वर्षको ज्ञानकाशी स्मृति पत्रकारिता पुरस्कार भुसाललाई प्रदान गरिएको हो ।

## संघीय...

उनले तीनै तहका सरकार योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । समाजलाई सुमार्गतर्फ लैजानुपर्नेमा उल्टै कुमार्गतर्फ लैजान खोजिएको भन्दै चिन्ता व्यक्त गरे । ‘यदि समयमै सचेत हुन सकिएन भने भविष्यमा मुलुकले दुर्घटना व्यहोर्नु पर्ने अवस्था आउन सक्छ ।’-उनले भने ।

राष्ट्रियताको सवाललाई कमजोर पार्न नहुने उल्लेख गर्दै उनले पुर्खाले आर्जेको मुलुकको भविष्यप्रति सबै गम्भीर हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा मुख्यमन्त्री आचार्यले तुलसीपुर उप-महानगरपालिकाका सम्पूर्ण नगरवासीलाई शुभकामना व्यक्त गर्दै विगत ३४ वर्षमा नगरको विकासमा योगदान पुऱ्याउने अग्रज तथा सामाजिक अभियन्ताहरुप्रति सम्मान व्यक्त गरे ।

उनले तुलसीपुरको विकास अग्रजहरुको योगदानका कारण सम्भव भएको उल्लेख गर्दै शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सामाजिक क्षेत्रमा उल्लेखनीय प्रगति भएको बताए । संघीयता कार्यान्वयनपछि विकासको गति अझ तीव्र भएको उल्लेख गर्दै उनले पछिल्लो ७-८ वर्षको उपलब्धिको समग्र मूल्यांकन आवश्यक रहेको जनाए ।

तुलसीपुर उप-महानगरपालिकाका प्रमुख टिकाराम खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिनिधिसभा सदस्य कमल सुवेदी, निवर्तमान नगरप्रमुख घनश्याम पाण्डे, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक संघसंस्थाका प्रमुख तथा नगरवासीहरुको सहभागिता रहेको थियो ।


## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।**
**लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# सरकारको विभेदकारी निर्णयविरुद्ध पत्रकार महासंघ आन्दोलनमा जाने




बुटवल । नेपाल पत्रकार महासंघले सरकारी विज्ञापनमा लिइएको विभेदकारी निर्णयविरुद्ध देशव्यापी आन्दोलन गर्ने निर्णय गरेको छ। चैत २८ र २९ गते मकवानपुरको हेटौँडामा बसेको महासंघ केन्द्रीय समितिको चौथो पूर्ण बैठकले १७ बुँदे 'हेटौंडा घोषणापत्र-२०८२' जारी गर्दै सो निर्णय सार्वजनिक गरेको हो।

संविधान संशोधन र नीति निर्माणमा मिडियामैत्री बन्न महासंघले सरकारलाई खबरदारी गर्ने भएको छ। महासंघले श्रमको सम्मान गर्न सञ्चारगृहहरूलाई आग्रह गर्ने निर्णय पनि गरेको छ। घोषणा पत्रमा श्रमजीवि पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन राष्ट्रिय अभियान सञ्चालन गर्ने उल्लेख छ।

यस्तै, महासंघको तीन तहकै साधारणसभा पनि तय गरिएको महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

संविधान संशोधन, सञ्चारसम्बन्धी नीति र कानुनहरू निर्माण गर्दा संविधानका व्यवस्था, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र लोकतान्त्रिक मूल्यमान्यतामा आधारित रहेर मिडियामैत्री बन्न महासंघले खबरदारी गर्ने निर्णय गरेको छ । महासंघले विज्ञापनमा अप्रत्यक्ष रुपमा हुँदै आएको बेथिति नियन्त्रण गर्ने सरकारी प्रयास सकारात्मक रहेको, तर यही नाममा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्नेजस्तो संविधान, कानुन, अन्तर्राष्ट्रिय मूल्यमान्यता, खुला बजार अर्थनीति र संघीयताको मर्मविपरीतको कार्य आपत्तिजनक र अस्वीकार्य रहेको स्पष्ट पारेको छ।

यो नीति प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्ने सरकारी प्रयास भएको महासंघको ठहर छ। यसले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउँदै स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब र सेल्फ सेन्सरसीप सिर्जना गराएको महासंघको ठहर छ।

यो नीतिले हाल देशभर सञ्चालनमा रहेका ४ सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाहरूको आर्थिक आधार कमजोर बनाउँदै ती संस्थाहरूको अस्तित्व मात्रै होइन, हजारौं पत्रकार, सञ्चारकर्मी, मजदुर र कर्मचारीको रोजगारी संकटमा पारेको महासंघको ठहर छ।

दुर्गम गाउँगाउँसम्म पहुँचमा रहेका हजारौँ सञ्चारमाध्यम बन्द हुँदा स्थानीय तहसम्म सूचना प्रवाह कमजोर भई नागरिकको सूचनाको हक कुण्ठित हुने महासंघको ठहर छ।

उक्त परिपत्र तत्काल खारेज गरी सरकारी विज्ञापनमा भइरहेको बेथितिको अन्त्य गर्ने गरी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न, संकटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण तथा प्रवर्द्धन गर्ने दीर्घकालीन नीतिगत व्यवस्थाका लागि समानुपालिका विज्ञापन प्रणाली लागू गर्न महासंघले सरकारसँग माग गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवस्तरको निर्णयबाट भएको उक्त निर्देशन संघीयताको आधारभूत मर्मविपरीत छ। संविधान विपरीतको यस्तो निर्देशन अस्वीकार गर्न र विज्ञापन वितरणलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउन प्रदेश र स्थानीय सरकारलाई महासंघले आह्वान गरेको छ।

महासंघले दबाबका कार्यक्रमलाई निरन्तरता दिने घोषणा गरेको छ । प्रेस स्वतन्त्रता कुण्ठित गर्ने गरी ल्याइएको सरकारी नीतिबारे कानुनविद्हरूसँग छलफल गर्ने, पेशागत संगठनहरूको सञ्जाल (पापड) सँग सहकार्य गर्ने, संविधानविपरीतको उक्त नीति अस्वीकार गर्न आह्वान गर्दै तीनै तहका सरकारसँग छलफल गर्ने, मिडिया सञ्चालकलगायत सञ्चार सरोकारवालासँग छलफल गर्ने,संयुक्त राष्ट्रसंघीय नियोगसँग छलफल गर्ने भएको छ।

यस्तै पत्रकारलाई सिंहदरबार प्रवेशमा कडाइका साथै सूचना तथा समाचार संकलनमा संकुचन ल्याउने सरकारी रवैया आपत्तिजनक रहको ठहर गर्दै तत्काल ती अवरोध हटाउन नेपाल सरकारसँग आग्रह गरेको छ।

आर्थिक संकटको बहानामा सञ्चारगृहहरूले श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक नदिएको, पत्रकार कटौती गर्न पत्रकारहरूलाई निरुत्साहित गरिरहेको तथा अपमानजनक व्यवहार गर्ने र निलम्बन गर्नेसम्मका श्रम अधिकार वरोधी गतिविधि भइरहेकोप्रति यो बैठक गम्भीर विरोध जनाउँदछ। साथै, श्रमजीवि पत्रकारहरूलाई नियमित पारिश्रमिक उपलब्ध गराउन र बाँकी वक्यौता तत्काल भुक्तानी गर्न सबै सञ्चारगृहहरूलाई महासंघले आग्रह गरेको छ।

सबै सञ्चारगृहहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध भई श्रमजीवि पत्रकारहरूको सामाजिक सुरक्षाको सुनिश्चित गर्न महासंघ अनुरोध गरेको छ । साथै, श्रमजीवि पत्रकार ऐन संशोधन गरी सञ्चारगृहहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने बाध्यकारी कानुनी प्रबन्ध मिलाउन तथा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसबमोजिम श्रमजीवि पत्रकारहरूको पारिश्रमिक वृद्धि गर्न यो बैठक नेपाल सरकारसँग माग गरेको छ। महासंघ सामाजिक सुरक्षा कोषमा श्रमजीवि पत्रकारलाई आबद्ध गराउन राष्ट्रिय अभियान सञ्चालन गर्ने प्रण गरेको छ।

रिपब्लिका मिडिया र एभिन्यूज टेलिभिजन व्यवस्थापनलाई महासंघसँग गरेको सम्झौता कार्यान्वयन गर्न महासंघले पुनः आग्रह गरेको छ।

यस्तै महासंघको रेडियो नेपाल शाखालगायतमा देखिएको श्रम समस्यालाई लिएर प्रतिष्ठान शाखाबाट प्राप्त उजुरीका आधारमा दबाबमूलक अभियान सञ्चालन गर्ने भएको छ।

श्रमजीवि पत्रकार ऐन २०५१ के दफा १७ बमोजिम प्रत्येक सञ्चार प्रतिष्ठानले लोककल्याणकारी विज्ञापन, विज्ञापन तथा नाफाको रकमबाट श्रमजीवि पत्रकारको हकहितको लागि कल्याणकारी कोष बनाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्न सम्मानित सर्वोच्च अदालको फैसलाको महासंघले स्वागत गरेको छ। साथै उक्त फैसला तत्काल कार्यान्वयन गर्न जोडदार माग गरेको छ।

युट्यूबलगायत सञ्चारमाध्यमलाई आचारसंहिता पालनातर्फ प्रेरित गर्न र मूल प्रवाहमा ल्याउन पहल गर्नुका साथै त्यसतर्फ कानुनी प्रबन्ध गर्न सरकारसँग अनुरोध गर्ने, आर्थिक संकट भोगिरहेका स्वरोजगारलगायत सबैखाले मिडियाहरूको विकास र उत्थानका लागि विशेष योजना ल्याउन तीनै तहका सरकारसँग बैठकले गम्भीर ध्यानाकर्षण गराएको छ । जलवायु संकटले निम्त्याएका असरहरूलाई न्यूनीकरण गर्न आवश्यक कानूनी र नीतिगत व्यवस्था बनाइ प्रभावकारी कार्यान्वयनको लागि सरकारसँग जोडदार माग गरेको छ । महासंघ केन्द्रीय साधारणसभा तथा सबै शाखा र प्रदेश समितिको साधारणसभा गर्ने निर्णयअनुसार जिल्ला शाखा- २०८३ बैशाख १० देखि जेठ १० सम्म, प्रदेश समिति - २०८३ जेठ ११ देखि ३१ सम्म र केन्द्रीय २०८३ असोज महिनामा तथा राष्ट्रिय सम्मेलन- २०८३ जेठ महिनामा गर्ने निर्णय गरेको छ ।

# सरकारी शुल्कमा निजीमा दाँतको उपचार गर्ने घोषणा




बुटवल । दुई दशक अघिदेखि दाँत, मुख, गिजा उपचारमा काम गर्दै आएको बुटवल पुष्पलाल पार्कस्थित आधुनिक समाज डेन्टल केयर प्रा.लि.ले सरकारी शुल्कमा उपचार र विपन्नलाई निःशुल्क अनिवार्य सेवा प्रदान गर्ने घोषणा गरेको छ।

सडकदेखि सदनसम्म सबैको मुख उपचारमा लागेको प्रा.लि.का अध्यक्ष अमृत भुसाल बताए। 'नयाँ वर्षदेखि सबैलाई सरकारी शुल्कमा दाँत उपचार सेवा प्रदान गर्न लागेका छौं,' भुसाल भन्छन्-'दाँतसम्बन्धी ६६ वटा सेवा प्रदान गर्छौं, जसमा पैसा तिर्न नसक्ने विपन्नलाई निःशुल्क उपचार गर्छौं।'

समग्र मुख स्वास्थ्यसम्बन्धी गुणस्तरीय सेवासँगै सचेतना अभियानमा समाज डेन्टलको योगदान महत्वपूर्ण रहेको भुसालले बताए । पछिल्लो ५ वर्षमा २५० भन्दा बढी सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा निःशुल्क दाँत, शिक्षा, परीक्षण, उपचार र परामर्श प्रदान गरेको उनले बताए । यस्तै २५० भन्दा बढी व्यवसायिक सामाजिक, सरकारी र गैर सरकारी प्रतिष्ठानमा दन्त, शिक्षा, परीक्षण र उपचार प्रदान गरेको छ। मुख स्वास्थ्य महाअभियान प्रथम चरणबाट १५ हजार ६०० भन्दा बढीलाई सेवा दिएको छ।

कार्यक्रम निर्देशक माधव सापकोटाले समुदायस्तरमा दाँत स्वास्थ्य सेचतना अभिवृद्धि, दीर्घकालीन जटिलता तथा खर्चमा कमी, उपचार गर्ने प्रवृत्तिको विकास उद्देश्यसहित अघि बढेको बताए।

सामान्य स्वास्थ्य सतर्कताले जटिल रोगबाट बच्न सकिने सापकोटाले जनाए । सर्वसुलभ र गुणस्तरीय उपचार सेवा प्रदान गरेर बिरामीको मन जित्नेमात्र नभई समाजमा मुख स्वास्थ्यबारे सचेतनामा आफूहरु सधैँ समाज रहेको उनले बताए।


हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०८३ सालको उपलक्ष्यमा देश तथा विदेश रहनुहुने सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य दिर्घयु सु:ख शन्ति समृद्धी तथा उतरोत्तर प्रागतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



वडा अध्यक्ष प्रकाश गैरे
कपिलवस्तु नगर पालिका
वार्ड नं.३,को वडा कार्यलय
तौलिहवा कपिलवस्तु

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा
सम्पूर्ण इष्टमित्र, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ,
दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेत्र प्रसाद आचार्य
अध्यक्ष
सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देही

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ,
दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सिताराम एण्ड कोपिला रसाली
सिद्धार्थ आभूषण केन्द्र परिवार
स्तरीय सुनचाँदी पसल
(बीपीपथ,बुटवल-४,) सम्पर्क नं.०७१-५३४१८२,मो.९८५७०२०८७४,९८५७०३१४०९

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ,
दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. देवीराम वि. पौडेल
देविराम एण्ड सन्स सुनचाँदीका गहना पसल
(बैंकरोड, सि.न.पा-१३,) सम्पर्क नं.०७१-५७०६२६, ५७५६२६, ९८५७०२१५६७

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ,
दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. गोपाल पौडेल
पौडेल ढुवानी सेवा परिवार
मुख्य कार्यालय भैरहवा, रुपन्देही सम्पर्क नं.
९८५७०१२०४५, ९८११९४९८६७

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा
सम्पूर्ण ग्राहकवर्ग, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ,
दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. हरिबहादुर थापा क्षेत्री
धवलागिरी ट्रान्सपोर्ट परिवार
ओमसतिया-२, रुपन्देही सम्पर्क फोन नं.०७१-४२९२४४
९८५७०३२६८८,९८४७०२७२०२,९८१५४०१५५४

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नयाँ वर्ष २०८३ सालको हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा हाम्रा
सम्पूर्ण ग्राहकवर्ग, कर्मचारी, शुभचिन्तक तथा नेपाली आमाबुबा,
दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर
प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Auto Care and Repairing Center
Si.Na.Pa. -9, Anchalpur, Bhairahawa, Rupandehi
सम्पर्क नं.९८५७०२२७८१, ९८२१०६९१९०
(हामीकहाँ सम्पूर्ण प्रकारको गाडीहरु रिपेरिङ, वासिङ्ग, डेन्डिङ्ग पेन्टिङ,पार्ट्स सम्बन्धी सम्पूर्ण कार्य सुपथ मूल्यमा गरिन्छ।


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com